# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २९. अकं ३, जेष्ठ/असार २०८०

June/July 2023


## उद्योग वाणिज्य संघ-चितवनद्वारा स्व. सीता दाहालप्रति श्रद्धाञ्जली अर्पण



मिति २०८० असार ३१ गते प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर संघका अध्यक्ष चुननारायण श्रेष्ठले सम्माननीय प्रधानमन्त्रीज्यूलाई समवेदना पत्र हस्तान्तरण गर्नुभएको थियो । उक्त समवेदना पत्रमा नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालज्यूकी धर्मपत्नी एवम् भरतपुर महानगरपालिकाकी नगरप्रमुख रेनु दाहालज्यू

बाँकी ३ नं. पेजमा...

## विक्रयकला सम्बन्धी तालिम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको सभाकक्षमा मिति २०८० असार १८ गते उद्योग वाणिज्य संघ-चितवन र अधिकृत व्यवसायी संघ-चितवनको संयुक्त आयोजनामा एक दिवसीय विक्रयकला सम्बन्धी तालिम सम्पन्न भएको थियो । अधिकृत व्यवसायीहरूका व्यवसायमा कार्यरत कर्मचारीहरूलाई लक्षित गरी गरिएको यस तालिमले व्यवसाय प्रवर्द्धनका साथसाथै बजारीकरणको अवस्था र वस्तु विक्री गर्ने कला सम्बन्धी जानकारी गराउने उद्देश्यले तालिमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले विक्री बढेमा आम्दानी बढ्ने र विक्री घटेमा


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

# उद्योग वाणिज्य संघ-चितवन

## लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरूको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

## परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

## गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

## प्रकाशन समिति

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरू:**
शिवप्रसाद ओझा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत




आम्दानी घट्ने हुनाले व्यवसायको मेरूदण्ड भनेकै वस्तु तथा सेवा विक्री भएको बताउनु भयो । अध्यक्ष श्रेष्ठले अहिलेको बजारमा विश्वव्यापीकरणले ल्याएको परिर्वतनमा परिवर्तित हुँदै विक्रेताहरूलाई वस्तु विक्री गर्ने कला सम्बन्धी जानकारी दिने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । अध्यक्ष श्रेष्ठले बजारमा जसको व्यवसायमा नेटवर्क बढी हुन्छ उसको विक्री पनि बढी हुने कुरा बताउँदै उहाँले नेटवर्क बढाउन व्यवसायलाई सूचना प्रविधिसँग जोड्नुपर्ने साथै विक्री बढाउनका लागि क्रेता सन्तुष्ट गराउनुपर्ने बताउनु भयो । कार्यक्रममा नेपाल वितरक महासंघका उपाध्यक्ष दुर्गाप्रसाद गौतमले तालिमबाट सिकेको कुरालाई राम्रोसँग प्रयोगमा ल्याउन सके सेल्स मेनबाट सेल्स अफिसर बन्न सकिने बताउनु भयो । कार्यक्रमका प्रमुख मध्यस्थकर्ता बालकुमारी कलेजका उप-प्राध्यापक पदमराज सापकोटाले कार्यक्रममा प्रस्तुतीकरण दिँदै विक्रयकलाको सिद्धान्त, सेल्समेनले जान्नुपर्ने कुराहरू, सेल्समेनका हुनुपर्ने गुण, व्यापारमा मार्केटिङको आवश्यकता, ग्राहक सन्तुष्टि किन आवश्यक छ भन्ने कुराका साथसाथै विश्वबजार मा विक्रयकला सम्बन्धी विभिन्न उदारणहरू समेत दिनुभएको थियो । कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै अधिकृत व्यवसायी संघ-चितवनका अध्यक्ष नारायण प्रधानले तालिममा सहभागी व्यवसायी एवं कर्मचारीहरूलाई व्यावसायिक एवं कार्यकुशलता



विकासको शुभकाना दिनुभएको थियो। अधिकृत व्यवसायी संघका कार्यक्रम संयोजक निर्मल ढकालको संयोजकत्वमा विक्रयकला तालिम भएको थियो। तालिममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, सिरिष पन्त कार्यकारी निर्देशक निलबहादुर के.सी, कार्यसमिति सदस्य रजनी मास्के, दिपा शाही, विज्ञानलाल श्रेष्ठ, अधिकृत व्यवसायी संघका निवर्तमान अध्यक्ष रवि श्रेष्ठ, अधिकृत व्यवसायी संघका पदाधिकारी, कार्यसमिति लगायत अधिकृत व्यवसायी र व्यवसायीका कर्मचारी सहित १०० जना भन्दा बढीको सहभागिता रहेको थियो। कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो भने उक्त कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो।

बाँकी...

तथा गंगा दाहालज्यूकी ममतामयी माता सीता दाहालको ६९ वर्षको उमेरमा भएको निधनले उद्योग वाणिज्य संघ-चितवन परिवारलाई स्तब्ध बनाएको उल्लेख गरिएको थियो। सम्माननीय प्रधानमन्त्रीज्यूको सहयोद्धाका रूपमा रही हरेक सुख दुःखमा साथ दिँदै आउनुभएकी दिवंगत सीता दाहालको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरिएको थियो। राज्यले एक सामाजिक, शिक्षाप्रेमी, राष्ट्रप्रेमी, विकासप्रेमी, प्रेरणाकी स्रोत, धैर्यताकी प्रतिमूर्ति एवम् मृदुभाषी अभिभावक गुमाएको उद्योग वाणिज्य संघ-चितवनले महशुस गरेको उल्लेख गर्दै शोकको यस दुःखद घडीमा दिवङ्गत आत्माको चिरशान्ति र सायुज्य प्राप्तिको लागि कामना गर्दै संघको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको थियो। साथै, शोक सन्तप्त परिवारजन तथा बन्धु बान्धवमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने कामना सहित समवेदना प्रकट गरिएको थियो। प्रधानमन्त्री निवास बालुटारमा गरिएको श्रद्धाञ्जली अर्पण कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी र कार्यसमिति सदस्य राजन पियाको उपस्थिति रहेको थियो।

## शेयर सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको सभाकक्षमा मिति २०८० असार २१ गते उद्योग वाणिज्य संघ-चितवन र नारायणगढ लेडी जेसीजको आयोजना एवं सनी सेक्यूरिटिज कम्पनी लि.को सह-आयोजनामा शेयर सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको थियो। उद्योगी व्यवसायी एवं गृहिणी महिलारूलाई शेयर बजार सम्बन्धी जानकारी गराउने उद्देश्यले यस कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष एवं कार्यक्रमका प्रमुख अतिथि उत्तमलाल चुकेले नेपालको शेयर बजार सरकारमा रहेका कुनै व्यक्तीले केही अभिव्यक्ती दिँदैमा बजार उतारचढाव भइरहने भएकाले शेयर बजारमा लागानी गर्दा समयमा नै विचार पुऱ्याएर लगानी गर्न लगानी कर्तालाई सुझाव दिनुभएको थियो। सोही कार्यक्रमा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले शेयर बजारको ज्ञान नलिकन लागानी गर्दा लगानी डुब्ने खतरा भएकाले आफूले लगानी गर्न चाहेको कम्पनीको बारेमा अध्ययन गरेर मात्र लगानी गर्ने वा नगर्ने निर्णय लिनुपर्ने बताउनु भयो। कार्यक्रमका प्रमुख मध्यस्थकर्ता सुभाषचन्द्र भट्टराईले प्रस्तुतीकरण दिँदै शेयर बजारका तत्वहरू, नेपाल स्टक एक्सचेञ्जको इतिहास, शेयर बजारको पृष्ठभूमी, शेयर बजारमा लगानी गर्ने तरिका लगायत शेयर बजारमा सफलता हुने तरीकाहरूका बारेमा बताउनु भएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली र सिरिष पन्त, उद्योग वाणिरज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू, सनी




सेक्यूरिटिज कम्पनी लि. नारायणगढ शाखाका प्रमुख उज्ज्वल पौडेल, नारायणगढ लेडी जेसीजका पूर्व अध्यक्ष तथा पदाधिकारीहरू र कार्यसमिति विभिन्न वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधि, नारायणगढ जेसीजका अध्यक्ष लगायत १५० जना भन्दा बढीको सहभागिता रहेको थियो । नारायणगढ लेडी जेसीजको अध्यक्ष सुस्मीता श्रेष्ठले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको उक्त कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको र नारायणगढ लेडी जेसीजका महासचिव गौरी गुरूङले सञ्चालन गर्नुभएको थियो ।

पान नं. ६१८०८२१५३
दर्ता नं. ०३१७/०७८/०७९
फोन नं.: ०५६–५१३३३३, मो.९७४४२५७२४२

**चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि.**


**CHAMBER MULTIPURPOSE COOPERATIVE SOCIETY LTD.**

भरतपुर–१, चेम्बर भवन, चेम्बर मार्ग, नारायणगढ, चितवन
Email: chambermultipurpose 2078@gmail.com
Promoted by: Chamber of Commerce & Industry-Chitwan

**हाम्रा सेवाहरु**

| बचत सेवा | कर्जा सेवा | अन्य सेवाहरू |
|---|---|---|
| मासिक/अनिवार्य बचत | व्यावसायिक कर्जा | रकम संकलनमा घरदैलो सुविधा । |
| साधारण बचत | विविध कर्जा | रकम झिक्न राख्नको लागी सहज । |
| विषेश बचत (मुद्धती) | शैक्षिक कर्जा | आकर्षक ब्याजदर । |
| जेष्ठ नागरीक बचत | कृषी कर्जा | विश्वसनीय सहकारी संस्था । |
| वाल बचत | औद्योगिक कर्जा | उ.वा.संघ-चितवनमा दर्ता भए पश्चात मात्र सदस्यता लिन पाइने । |

- रु.५०,०००।-(५०० कित्ता) को शेयर खरिद गर्न सकिने ।
- धितो तथा व्यक्तिगत जमानतमा कर्जा उपलब्ध गराउने व्यवस्था भएको
- कोसेली घरको माध्यमबाट सदस्यलाई अर्गानिक खाद्यवस्तु उपलब्ध गराइरहेको ।
- रकम राख्दा झिक्दा SMS जाने व्यवस्था गरिएको ।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०८० असार १८ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४००० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४५०० |
| ३. साना मंसुली | प्रति क्वि. | ३५०० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | ३७०० |
| ५. धान मोटो नया | प्रति क्वि | ३००० |
| ६. चामल (वार) | प्रति क्वि | ७००० |
| ७. चामल (सावा) | प्रति क्वि | ७५०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ६५ |
| ९. मकै | प्रति क्वि. | ३५०० |
| १०. गहुँ | प्रति क्वि. | ४६०० |
| ११. कोदो | प्रति क्वि. | ५५०० |
| १२. फापर | प्रति क्वि. | ७५०० |
| १३. चना | प्रति के.जी. | १०० |
| १४. केराउ | प्रति के.जी. | १२० |
| १५. भटमास | प्रति के.जी. | १४० |
| १६. रहर दाल | प्रति के.जी. | २०० |
| १७. मसुरी दाल | प्रति के.जी. | १३० |
| १८. मासको दाल | प्रति के.जी. | २०० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | २०० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८५ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ८५ |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | ५० |
| घ. क्याटल फिड | प्रति के.जी. | ४५ |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ५२ |
| २१. प्याज | प्रति के.जी. | ५८ |
| २२. तोरीको तेल | प्रति १० ली. | १९५० |
| २३. भटमासको टेल | प्रति १० ली. | १९५० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | १९५० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | १२०० |
| २७. मरिच | प्रति के.जी. | १००० |
| २८. धनियाँ | प्रति के.जी. | २०० |
| २९. क. सुन | प्रति तोला | ११२६०० |
| ख. चाँदी | प्रति तोला | १४८० |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | |
| ख. २६ गेज रंगीन | प्रति वण्डल | |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १०९ |
| ख. ८ मि.मि. | प्रति के.जी | ९९।५ |
| ख. १० मि.मि. | प्रति के.जी | ९६ |
| ग. १२ मि.मि. | प्रति के.जी | ९६ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | |
| ख. सर्वोत्तम सिमेन्ट PPC | प्रति बोरा | ५०० |
| ग. सर्वोत्तम सिमेन्ट OPC | प्रति बोरा | ६०० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४०० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८०० |
| घ. लेयर्स कुखुरा जिउदो | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३८० |
| ञ. अण्डा | प्रति क्रेट | ४३० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | १०० |
| ख. दही | प्रति लि. | १२० |
| ग. पनिर | प्रति के.जी. | ९०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | ११०० |
| च. घ्यू | प्रति के.जी. | १३०० |
| छ. खुवा | प्रति के.जी. | ११०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

.............................................................................

.....................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०